फोन नं. ०८१५४२२९०

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रवेश, नेपाल

प.सं. :- ०७८/०७९

च.नं. :- २२३३

मितिः २०७९/०२/१६

**विषयः भुक्तानीको लागी कागजात पेश गर्ने सम्बन्धमा**

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडी भुक्तानी निकासा बन्द गर्ने र विभिन्न खर्च नभई बाँकी रहेका रकम फिर्ता गर्नुपर्ने अनुदान रकम आर्थिक वर्ष भित्रै फिर्ता गरी हिसाब मिलान प्रतिवेदन पेश गर्ने कानूनी व्यवस्था रहेको छ । सो सम्बन्धमा स्थानीय तहमा सूत्र (SUTRA) प्रणालीबाट आर्थिक कारोबार हुने गरेकोमा गत आ.व. असार ३० गते सूत्र (SUTRA) प्रणाली बन्द भई आर्थिक कारोवार बन्द भएको व्यवहोरा अवगत भएकै होला तसर्थ सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको निर्देशन अनुसार यस आ.व. २०७८/०७९ को स्थानीय तहको सम्पुर्ण बजेट कार्यान्वयन तथा कार्यसम्पादन मिति २०७९/०३/२५ देखि सूत्र प्रणाली बन्द हुने भएकोले यस नगरपालिकाको पूँजीगत योजनाहरुसँग सम्बन्धित भुक्तानी असार २० गते भित्र तथा चालु खर्च तथा कार्यक्रम खर्च एवं सबै किसिमका अनुदान रकमको हकमा असार १५ गते भित्र कार्यसम्पन्न गरी सम्पुर्ण कागजातहरु प्रमाणित गरी अनिवार्य रुपमा आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिनहुन अनुरोध छ, तोकिएको समयमा आवश्यक सम्पुर्ण कागजात आर्थिक प्रशासन शाखामा पेश हुन नसकी भुक्तानी हुन नसकेमा सोको जिम्मेवारी सम्बन्धित सरोकारवाला स्वयम् नै हुने र आगमी आर्थिक वर्षमा त्यस्तो रकम भुक्तानी हुन नसक्ने व्यवहोरा सबैमा जानकारीका लागी अनुरोध छ ।

(युवराज अधिकारी)
लेखा अधिकृत

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री नगर प्रमुखज्यू - अवगतार्थ एवं सहजीकरणको लागी

श्री नगर उपप्रमुखज्यू -अवगतार्थ एवं सहजीकरणका लागी